## निर्वाचन आयोगको
## सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ६ को प्रयोजनको लागि निर्वाचन क्षेत्र बर्दिया जिल्लाबाट निर्वाचित राष्ट्रिय पञ्चायतको रिक्त रा. पं. सदस्य पद पूर्ति गर्न उप-निर्वाचन हुने भएकोले उम्मेदवार हुनको निमित्त निर्वाचन आयोगले २०३८ साल पौष मसान्तसम्ममा पच्चीस वर्षको उमेर पूरा गरेको हुनु पर्ने गरी तोकेको छ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

## निर्वाचन आयोगको
## सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ४ को उप-दफा (१) को प्रयोजनको लागि निर्वाचन क्षेत्र बर्दियाबाट निर्वाचित राष्ट्रिय पञ्चायतको रिक्त सदस्य पद पूर्ति गर्न उप-निर्वाचन हुने भएकोले निर्वाचनमा मतदाता हुनको निमित्त निर्वाचन आयोगले बर्दिया जिल्ला निर्वाचन क्षेत्रमा आफ्नो स्थायी घरबास भएको वा सो क्षेत्रमा घटीमा एक वर्ष बसोबास गरेको र २०३८ साल पौष मसान्तसम्ममा एक्काईस वर्ष उमेर पूरा भएको हुनु पर्ने गरी तोकेको छ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

## निर्वाचन आयोगको
## सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ६ को प्रयोजनको लागि द्वि सदस्यीय निर्वाचन क्षेत्र रूपन्देहीबाट निर्वाचित राष्ट्रिय पञ्चायतको सदस्य-मध्ये रिक्त सदस्य पद एक पूर्ति गर्न उप-निर्वाचन हुने भएकोले उम्मेदवार हुनको निमित्त निर्वाचन आयोगले २०३८ साल पुस मसान्तसम्ममा पच्चीस वर्षको उमेर पूरा गरेको हुनु पर्ने गरी तोकेको छ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

३८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।